नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(................................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

सिंहदरबार,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति : मितिः २०८३।०१।२१
ने.स. ११४६ बछलागा तृतीया

विषय :-

## प्रेस विज्ञप्ति

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका कर्मचारीहरूले जेन्जी आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारी साधनहरूको नाममा इन्धन दुरुपयोग गरेको भन्ने विषयमा विभिन्न समाजिक संजाल र सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित समाचारहरूप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

उक्त विषयको सत्यतथ्य छानबिन गर्न मिति २०८३।०१।१५ गते मन्त्रालयका सहसचिवस्तरको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो। उक्त समितिले जलेका सवारी साधन सम्बन्धी प्रहरी मुचुल्का, इन्धनसम्बन्धी अभिलेख (अर्धकट्टि), भुक्तानी विवरण लगायतका सम्बन्धित कागजातहरूको अध्ययन तथा विश्लेषणका आधारमा जलेका सवारी साधनका नाममा इन्धन दुरुपयोग नभएको निष्कर्ष निकालेको बेहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

यस प्रकारका अपुष्ट तथा भ्रम फैलाउने सामग्री प्रकाशन तथा प्रसारण नगर्न सम्बन्धित सबै सञ्चार माध्यम (सामाजिक संजालसमेत) तथा सरोकारवालाहरूलाई मन्त्रालय विनम्र अनुरोध गर्दछ।

यस मन्त्रालय सदैव पारदर्शिता, उत्तरदायित्व र सुशासनप्रति प्रतिबद्ध रहेको समेत जानकारी गराउँदै सत्यतथ्यमा आधारित सूचनाको मात्र प्रवाह गर्नुहुन अनुरोध गर्दछ ।

डा. समिरकुमार अधिकारी
सह-प्रवक्ता